# तातोपानी गाउँपालिका
## जुम्ला

| |
|---|
| स्थानीय राजपत्र |
| **खण्ड : ७ सङ्ख्या : ४ मिति : माघ २९, २०८०** |
| **परिच्छेद - १** |
| तातोपानी गाउँपालिका ,जुम्ला |
| स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तातोपानी गाउँपालिका ,गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागी यो राजपत्र प्रकाशन गरीएको छ । |
| **गरिवी निबारण कोष व्यवस्थापन कार्यविधि-२०८०** |
| गाउँसभाबाट स्वीकृत मिति : २०८०।१०।२५ |
| प्रमाणिकरण मिति :२०८०।१०।२९ |

## तातोपानी गाउँपालिका

## गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि-२०८०

गाउँसभाबाट स्वीकृत मिति : २०८०।१०।२५
प्रमाणिकरण मिति :२०८०।१०।२९

**प्रस्तावनाः**

नेपालमा रहेको चरम गरीवीलाई कम गर्न तथा लोकतान्त्रिक,न्यायिक,समतामुलक एंव दिगो समाज निर्माणका लागी नेपाल सरकारले गरीवी निवारण कोष स्थापना गरी समाजमा गरीबी तथा पिछडिएको वर्गको सक्रिय सहभागीतामा गरीबी निवारण सम्बन्धी कार्यक्रम सञ्चालन गराउन र गरीवी निवारणमा सम्लग्न सामुदायिक संस्थालाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराउन मुलुकबाट गरीवी निवारण गर्न सामुदायिक संस्थालाई गरीवी निवारण कोष ऐन २०६३ बमोजिम आयआर्जनको लागी उपलब्ध घुम्ती कोष अनुदान रकमलाई व्यवस्थित गरी सामुदायिक संस्थाहरु एव तातोपानी गाउँपालिका भित्र रहेका घुम्तिकोषको दिगो र प्रभावकारी परिचालन गर्न वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ बमोजिम तातोपानी गाउँपालिकाको गरीबी निवारण कोष व्यवस्थापन कार्यविधि २०८० बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भिकः** (१) यस कार्यविधिको नामः तातोपानी गाउँपालिकाको गरीवी निवारण कोष व्यवस्थापन कार्यविधि २०८० रहेको छ ।

**(२) यो कार्यविधि** गाउँसभाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"गरीवी निवारण कोष"**भन्नाले गरीवी निवारण कोष ऐन २०६३ बमोजिम साविकका चार वटा (लाम्रा,तातोपानी, हाकुँ र ताम्ती) गा.वि.स हरुमा सेवाप्रदायक संस्था द्वारा गठित सामुदायिक संस्थाहरुलाई आयआर्जनका लागी उपलब्ध गराएको घुम्ती कोष रकम सम्फनु पर्छ ।

(ख) **"सहकारी"** संस्था भन्नाले तातोपानी गाउँपालिकाको सहकारी ऐन पहिलो संशोधन २०७४ को दफा ५ को प्रकृया पुरा गरी दफा ६ को उपदफा (१)(२) र (३) बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्फनु पर्छ ।

(ग) **"विनिमय"**भन्नाले तातोपानी गाउँपालिकाको सहकारी ऐन २०७४ को दफा १७ बमोजिम सम्वन्धि सहकारी संस्थाको स्वीकृत विनिमय सम्फनुपर्छ ।

(घ) **"गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठन भएको समितिलाई सम्फनु पर्छ ।



ङ) **"वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा १४ बमोजिम गठन भएको समिति सम्फनुपर्छ ।

(च) **"अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा १६ बमोजिम गठन भएको समिति सम्फनुपर्छ ।

(छ) **"सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति वा सामुदायिक संस्थाका सदस्यलाइ सम्फनुपर्छ ।

(ज) **"समिति"** भन्नाले सामुदायिक संस्थाहरु द्वारा गठित सहकारी संस्थाको सञ्चालक समितिलाई सम्फनुपर्छ ।

(झ) **"गाउँपालिका"** भन्नाले तातोपानी गाउँपालिका सम्फनुपर्छ ।

(ञ) **"कार्यपालिका"** भन्नाले तातोपानीगाउँपालिका, गाउँकार्यपालिका सम्फनुपर्छ ।

(ट) **"कार्यविधि"** भन्नाले तातोपानी गाउँपालिकाको गरीबी निवारण कोष व्यवस्थापन कार्यविधि २०८० सम्फनुपर्छ ।

(ठ) **अध्यक्ष** भन्नाले तातोपानी गाउँपालिकाको अध्यक्ष सम्फनुपर्छ ।

(ड) **"उपाध्यक्ष"** भन्नाले तातोपानी गाउँपालिकाको उपाध्यक्ष सम्फनुपर्छ ।

(ढ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तातोपानी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्फनुपर्छ ।

(ण) **"शाखा प्रमुख"** भन्नाले तातोपानी गाउँपालिकाको सहकारी शाखा प्रमुखलाई सम्फनुपर्छ ।

### परिच्छेद-२
### उद्देश्य

३. **उद्देश्यः** गरीबी निवारण कोषबाट व्यवस्थापन कार्यविधिको तयारी गर्नुको उद्देश्य निम्न अनुसार रहेको छ ।

(क) गरीवी निवारण कोष ऐन २०६३ बमोजिम सामुदायिक संस्थाहरुको आयआर्जनका लागी उपलब्ध गराइएको घुम्तिकोष अनुदान रकम लाई व्यवस्थित गरी सामुदायिक संस्थाहरु एव यस तातोपानी भित्र रहेका घुम्तिकोषको दिगो व्यवस्थापन र प्रभावकारी परिचालन गर्न ।

(ख) छरिएर रहेको पुजीलाई सहकारीको माध्यमबाट एकिकृत गरी परिचालन गर्ने

(ग) घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित रुपमा उत्पादनमुलक क्षेत्रमा परिचालन गरि विद्यमान गरिवी न्युनिकरणमा टेवा पुर्‍याउने ।

### परिच्छेद-३
### सामुदायिक संस्था व्यवस्थापनको क्षेत्रहरु

**४. सामुदायिक संस्थाकै मान्यतामा संस्था संचालक :**

(१) उद्देश्य अनुरुप गठित सामुदायिक संस्थाहरुको कोष संचालन भइरहेको अवस्थामा समुहका निर्णय बमोजिम सामुदायिक संस्थाकै मान्यतामा संस्था संचालन हुने ।

(२) उपदफा (१) वमोजिम उद्देश्य अनुरुप भन्नाले सामुदायिक संस्थाहरुको वैकिडक कारोवारको नियमितता,समूह सदस्यहरुको KYC Updateउद्देश्य अनुरुप ऋण लगानी तथा असुली,चुस्त, दुरुस्त लेखा प्राणाली र समूह सदस्यहरुको आयआर्जन वृद्धिको गणितीय मापदण्डलाई जनाउछ ।

**५. हाल क्रियाशिल सहकारी संस्थामा आवद्धता:** (१) उद्देश्य अनुरुपका सामुदायिक संस्थाहरुले आफ्नो घुम्तीकोषलाइ व्यवस्थापन गरि सहकारी मार्फत परिचालन हुन चाहेमा एक आपसका सामुदायिकसंस्थाहरुको निर्णय गराई सहकारी ऐन, २०७४ र तातोपानी गाउँपालिकाको सहकारी ऐन २०७४ अनुसार वडा वा गाँउपालिकास्तरमा संञ्चालन भइरहेको सहकारी संस्थाकोरुपमा दर्ता गरि परि परिचालन गर्न सकिनेछ ।

**६. वडा स्तरिय कार्यक्षेत्र भएको सहकारी संस्थाको गठन तथा दर्ता :** (१) उद्देश्य अनुरुप समुह र कोष संचालन भइरहेको अवस्थामा समुहको निर्णय वमोजिम वडा स्तरको कार्यक्षेत्र भएको विषयगत सहकारी संस्थाको गठन तथा दर्ता गरी समुह र कोषको व्यवस्थापन गर्नुपर्ने छ ।

**७. गाउँपालिका भरी कार्यक्षेत्र भएको सहकारी संस्थाको गठन तथा दर्ता :** (१) उद्देश्य अनुरुपका सामुदायिक संस्थाहरु एक आपसमा निर्णय गरि उदेश्य अनुरुपको कोष सञ्चालन भइरहेको वा गर्न गाउँपालिका भित्र कार्यक्षेत्र तोकि विषयगत वा वहुउद्देशिय सहकारी संस्थाको गठन तथा दर्ता गरी सामुदायिक संस्थाको सहकारीकोषको व्यवस्थापन गर्न सकिनेछ ।

(२) माथी उल्लेखित दफा (४) (५) र (६) अनुसारको सहकारी संस्थामा आवद्ध नयाँ सहकारी संस्था गठन गरी दर्ता गर्दा गरीवी निवारण कोषबाट प्राप्त घुम्ती कोष रकमलाई विउ पुँजिको रुपमा सहकारी संस्थामा जम्मा गर्नुपर्ने छ । यो रकमलाई शेयर पुजी र वचतको रुपमा रकमान्तर गर्न पाईने छैन ।

(३) दफा ६ वमोजिम सहकारी संस्था गठन तथा दर्ता गर्दा सामुदायिक संस्थाहरुको सदस्यको रुपमा सहकारी दर्ता गर्न सकिनेछ । सहकारी सम्बन्धि अन्य व्यवस्थाहरु सहकारी दर्ता दिग्दर्शन, २०७४ को अनुसुची १६ मा उल्लेखित विनियम वमोजिम हुनेछ ।

## परिच्छेद-४
## कोष व्यवस्थापन

**८. घुम्ती कोषको व्यवस्थापन :** (१) गरीवी निवारण कोषबाट आयआर्जनको लागी सामुदायिक संस्थाहरुलाई उपलब्ध **अनुसुची-१** वमोजिमको घुम्ती कोष रकमलाई गरीवी निवारण कोषद्धारा प्रवंधित सामुदायिक संस्थाहरु वीच गठित सहकारी संस्थाले लगानी गर्दा विशेषत उत्पादनमुलक आयआर्जन क्षेत्र र सामुदायिक साना पूर्वाधार विकास आयोजना क्षेत्रमा लगानी गरिनेछ ।

(२) उपदफा (१) वमोजिमको रकमलाई वा सहकारी संस्थामा गरीवी निवारण कोषकै बिधि अनुसार संचालन गर्नु पर्नेछ । सो रकम लाई जुन सामुदायिक संस्थाको नामवाट जति रकमको कोष खडा गरीएको हो सोहि सामुदायिक संस्थाका सदस्यहरुले मात्र शेयर प्राप्त गर्नेछन ।

(३) अनुसुची १ वमोजिमको घुम्ती कोषको हिनामिना भएको वा भाका भित्र ऋण असुली नभएको पाइएमा सम्बन्धीत पक्षबाट सरकारी बाकी सरह असुल गरी सोही कोषमा जम्मा गर्नुपर्नेछ । ऋण



वसाई सराई गएको भए सोही स्थान बाट र ऋणीको मृत्यु भएको भए उसको जायजेथावाट असुल उपर गर्नुपर्नेछ ।

(४) उद्देश्य अनुरुप लगानी भएको तर प्राकृतिक बिपतीको कारण व्यवसाय टाँट पल्टिएको,निर्धारित उद्देश्य वमोजिम लगानी भएको तर ऋणिको मृत्यु भई हकवाला कोही नभएको र ऋणीको नाममा कुनै आयजेथा नभएको अवस्थामा घुम्ती कोष रकम लगानी भई नउठने अवस्थामा (bad debt) भएमा अनुसुची २ वमोजिम निर्धारीत प्रक्रिया पुरा गरी गाउँ कार्यपालिका देखी निर्णय गरी अपलेखन गर्नु पर्नेछ ।

**९. सामुदायिक संस्थाको साझेदारी रकम व्यवस्थापन :** (१) गरीवी निवारण कोषबाट आयआर्जनका लागी सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसुची १ वमोजिमको घुम्ती कोष रकममा सामुदायिक संस्थाहरुले असुल गरि गठन गरिने सामुदायिक संस्थाहरुको सहकारीको शेयर पुँजी कोषको रुपमा जम्मा गर्नुपर्नेछ ।

**१०. सामुदायिक संस्थाको वचत व्यवस्थापन** : (१)गरीवी निवारण कोष कार्यक्रम लागु भए देखी हालसम्मको सामुदायिक संस्थाको सदस्यहरुको वचत रकमलाई दफा ४ वमोजिम गठन हुने सहकारी संस्थाको वचत खातामा रेकड जनाइ बचत कर्ताको नै स्वामित्व हुनेछ ।

(२) दफा ५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने सामुदायिक संस्था वा संस्था सदस्यहरुको हकमा सदस्य संख्याको आधारमा एक पटकको लागी समान वचत कायम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम समान वचत कायम गर्दा सहकारीका सदस्यहरुले नपुग रकम थप वा वढी रकम चुक्ता गर्न सक्नेछन ।

**११. सामुदायिक संस्थाको अन्य आम्दानी व्यवस्थापन :** (१) गरीवी निवारण कोष कार्यक्रम लागु भए देखी भएका हालसम्मको सामुदायिक संस्थाको अन्य आम्दानी रकमलाई दफा ४ वमोजिम संचालित हुने सामुदायिक संस्थाहरुको हकमा हालकै अवस्थामा संचालन गर्ने ।

(२) दफा५,६ र ७ वमोजिम सहकारी संस्थामा आवद्ध हुने सहकारी वा शेयर सदस्यहरुको हकमा सदस्य संख्याको आधारमा एक पटकको लागी लागी समान रकम कायम गरी वचत गर्ने व्यवस्था गर्न पर्नेछ ।

(३) उपदफा (२) वमोजिम समान रकम कायम गरी वचत गर्दा समुह सदस्यहरुले नपुग रकम थप वा वढी रकम फिर्ता गर्न सक्नेछन ।

**<u>१२. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति :</u>** (१)गरीवी निवारण कोषबाट प्राप्त घुम्ती कोष रकमलाई व्यवस्थीत गर्नको लागी गाउँपालिका स्तरीय तपशिल बमोजिमको एक घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।

**(क) प्रमुख : गाउँपालिका अध्यक्ष**
**(ख) सदस्य गाउँपालिका उपाध्यक्ष**
**(ग) सदस्य :प्रमुख प्रशासकीय अधिकृत**
**(घ) सामाजिक बिकास समिति संयोजक**
**(ङ) सदस्य : आर्थिक बिकास समितिको संयोजक**

(च) सदस्य  गाउँ कार्यपालिका सदस्यहरुमध्ये बाट कम्तीका एक जना महिला सहित ३ जना
(छ) सदस्य : अध्यक्षद्वारा मनोनित (कम्तिमा एक जना महिला सहित)सामुदायिक  संस्थाकासहकारी अध्यक्षहरु मध्ये २ जना
(च) सदस्य सचिब : सहकारी शाखा प्रमुख

**१३. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार**

(१) सबै वडाका सामुदायिक संस्थाहरुको  एकिकृत तथ्याङकहरु संकलन गर्न लगाउने ।
(२) वडाहरुमा नया सहकारी गठन गर्ने वा भइरहेको सहकारीमा नै समुहहरुलाई आवद्ध गराउने हो सो को एकिकृत विवरण तयार गर्ने
(३) हिनामिना  भएको वा भाकाभित्र ऋण असुली नभएको सरकारी वाकी सरह असुल गर्नका लागी कार्यपालिकालाई  सिफारिस गर्ने
(४) खराव कर्जा पुनरलेखन  कार्यमा वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समितिलाई सल्लाह दिने
(५) गाउँपालिकामा हाल दर्ता भई क्रियाशिल सहकारी संस्थालाई गरीवी निवारण कोष व्यवस्थापनको विषयमा अभिमुखिकरण गर्ने
(६) प्रतिवेदन ३/३ महिनामा गाउँपालिकामा पेस गर्नु पर्नेछ ।

**१४. <u>वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समिति</u> :** गरीवी निवारण कोषवाट वडा स्तरको सामुदायिक संस्थाहरुलाई प्राप्त घुम्ती कोष रकमलाई व्यवस्थित गर्नका लागी तपशिल वमोजिमको वडा स्तरीय एक **<u>घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।</u>**

(क) प्रमुख : वडा अध्यक्ष
(ख) सदस्य : वडा सदस्य २ जना ( १ जना महिला सदस्य सहित)
(ग) सदस्य :  वडा भित्रका सामुदायिक संस्थाहरुमध्ये  कम्तीका एक जना महिला सहित वडाअध्यक्ष द्धारा मनोनित  सदस्य २ जना ।
(घ) सदस्य सचिव : वडा सचिव

**१६. वडा स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार :**

(१) सम्बन्धित वडाको एकिकृत तथ्याङकहरु संकलन गर्ने ।
(२) सम्बन्धित वडामा नया सहकारी गठन गर्ने वा भइरहेको सहकारीमा नै समुहहरुलाई आवद्ध गराउने सो विषयमा सामुदायिक सस्थाहरुसंग बैठक बसी निर्ष्कष निकाल्ने ।
(३) हिनामिना भएको वा भाकाभित्र ऋण असुल नभएको अवस्थामा सरकारी बाकी सरह असुल गर्नको लागी सामुदायिक संस्थाहरुलाई सहयोग गर्ने ।
(४) खराव कर्जा पुनरलेखन कार्यमा वास्तविक ऋणिको पहिचानमा सामुदायिक संस्थाहरुलाई सुझाव दिने ।
(५) वडाक्षेत्रमा कार्यक्षेत्र हुने गरी दर्ता भई क्रियाशिल सहकारी संस्थालाई गरीवी निवारण कोष व्यवस्थापनको बिषयमा अभिमुखीकरण गर्ने ।



(६) प्रतिवेदन ३/३ महिनामा गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिलाई पेस गर्नुपर्नेछ ।

**१६. <u>अनुगमन समिति</u>** : (१) घुम्ती कोष रकम व्यवस्थित भए नभएको विषयमा अनुगमन गर्न तपशिल बमोजिमको एक अनुगमन समिति रहनेछ ।

(क) प्रमुख : गाउँपालिका उपाध्यक्ष
(ख) सदस्य : सबै वडाका वडा अध्यक्षहरु
(ग) सदस्य : कृषि शाखा प्रमुख
(घ) सदस्य  : योजना शाखा प्रमुख
घ) सदस्य सचिब : सहकारी शाखा

**<u>१८.अनुगमन समितिको काम,कर्तव्य र अधिकारी :</u>**

(१) प्रत्येक सामुदायिक संस्थाको बैठक अनुगमन गर्ने ।
(२) हिनामिना भएको वा भाकाभित्र ऋण असुल नभएको अबस्थामा सरकारी बाँकी सरह बाँकी असुल भए नभएको अनुगमन गर्ने ।
(३) खराव कर्जा प्रतिलेखनको कारणहरुको अनुगमन गर्ने ।
(४) सामुदायिक संस्थाको सदस्यहरु तथा संस्थाहरु सहकारीमा आवद्ध भए नभएको एकिन गर्ने ।
(५) कोषको रकम सहकारीमा जम्मा गरे नगरेको एकिन गर्ने ।
(६) अनुगमनको प्रतिवेदन ३/३ महिनामा गाउँ कार्यापालिकामा पेश गर्नु पर्नेछ ।

**<u>१९.घुम्ती कोष व्यवस्थापन सचिवालय :</u>** (१) घुम्ती कोष रकम व्यवस्थित गर्न गाउँ कार्यापालिकाभा तपशिल बमोजिमको एक सचिवालय रहनेछ ।

(क) प्रमुख : गाउँपालिकाको सहकारी शाखा प्रमुख
(ख) सबै वडाका वडा सचिवहरु
(ग) सदस्य सचिव : योजना शाखा

**<u>२०.घुम्ती कोष व्यवस्थापन सचिवालयको काम, कर्तव्य र अधिकार :</u>**

(१) नया सहकारी संस्था गठन वा भइरहेको सहकारी संस्थामा संस्थाहरुलाई आवद्ध गराउन सहयोग गर्ने
(२) सहकारी संस्थाको विनियम संशोधन वा नया विनियम तयारीमा सहयोग गर्ने ।
(३) सामुदायिक संस्थाको बैठकमा सहयोग गर्ने ।
(४) ऋण असुली तथा खराव कर्जा पुनरलेखनमा समुहहरुलाई सहयोग गर्ने ।
(५) सामुदायिक संस्था र सहकारी संस्थाहरुको भेलाको आयोजना गर्ने ।
(६) गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिलाई प्रत्येक २/२ महिनामा प्रगती प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-५
## विविध

**२०.कार्यविधिमा व्याख्या :** यो कार्यविधि अन्तिम व्याख्या गाउँकार्यपालिकाले गर्नेछ ।

२१. कार्यविधि संशोधन : यो कार्यविधिको प्रवाधानहरुमा कार्यापालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**२२.बाधा अड्चन फुकाउ** : तातोपानी गाउँपालिकाको सहकारी ऐन २०७४ र यो कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा निर्णय गर्न आवश्यक भएमा गाउँकार्यपालिकाले गर्नेछ ।